प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
सामाजिक विकास मन्त्रालय
धनगढी, कैलाली
२०७४

२०७८।११।११
प्रमुख सचिव

## सुदूरपश्चिम प्रदेश स्वयंसेवक परिचालन (पहिलो संशोधन) कार्यविधि, २०७८

सुदूरपश्चिम प्रदेश स्वयंसेवक परिचालन कार्यविधि, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकार (मन्त्रिपरिषद्) ले यो कार्यविधि बनाएको छ। ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "सुदूरपश्चिम प्रदेश स्वयंसेवक परिचालन (पहिलो संशोधन) कार्यविधि, २०७८" रहेको छ ।

(२) यो कार्यविधि प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

२. सुदूरपश्चिम प्रदेश स्वयंसेवक परिचालन कार्यविधि, २०७६ को दफा ३ मा संशोधनः सुदूरपश्चिम प्रदेश स्वयंसेवक परिचालन कार्यविधि, २०७६ (यसपछि "मूल कार्यविधि" भनिएको) को दफा ३ को उपदफा (१) को खण्ड (छ) मा रहेका "कार्यकारी समिति" भन्ने शब्दहरुको सट्टा "निर्देशक समिति" भन्ने शब्दहरु राखिएका छन् ।

३. मूल कार्यविधिको दफा ५ मा संशोधनः मूल कार्यविधिको दफा ५ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-"

४. मूल कार्यविधिको दफा ६ मा संशोधनः मूल कार्यविधिको दफा ६ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) प्रदेशस्तरमा स्वयंसेवक परिचालन सम्बन्धी कार्यक्रम संचालन र व्यवस्थापन गर्नका लागि देहायको कार्यकारी समिति रहनेछः-"

५. मूल कार्यविधिको दफा ९ मा संशोधनः मूल कार्यविधिको दफा ९ को उपदफा (१) को खण्ड (ङ) पछि देहायको खण्ड (च) थपिएको छः-

"(च) प्रचलित कानून बमोजिम अयोग्य नभएको ।"

६. मूल कार्यविधिको दफा ११ मा संशोधनः मूल कार्यविधिको दफा ११ को उपदफा (१) को खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः-

"(ङ) स्वंयसेवक आफू खटिएको निकायमा हाजिर हुनु पर्नेछ।"

७. मूल कार्यविधिको दफा १३ मा संशोधनः मूल कार्यविधिको दफा १३ को उपदफा (२) पछि देहायका उपदफा (२क) र (२ख) थपिएका छन् :-

"(२क) अनुसूची-१ बमोजिमको निर्वाह भत्ता सम्वत् २०७८ साल श्रावण १ गतेदेखि लागू हुनेछ ।

(२ख) संघीय सरकारबाट प्राप्त अनुदान रकमबाट निर्वाह भत्ता पाउने गरी नियुक्त स्वयंसेवकलाई संघीय सरकारले अनुदान रकम उपलब्ध नगराएमा वा कटौती गरेमा निजसँगको सम्झौता स्वतः रद्ध हुनेछ।"

८. मूल कार्यविधिको दफा २० मा संशोधनः मूल कार्यविधिको दफा २० झिकिएको छ ।

९. मूल कार्यविधिको दफा २१ मा संशोधनः मूल कार्यविधिको दफा २१ मा रहेका "स्वयंसेवक परिचालन सम्बन्धमा" भन्ने शब्दहरु पछि "यो कार्यविधि लागू हुनु अघि" भन्ने शब्दहरु थपिएका छन् ।

प्रदेश सचिव

Scanned by TapScanner

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
सामाजिक विकास मन्त्रालय
धनगढी, कैलाली
२०७४

२०७५।११।१

प्रमुख सचिव

१०. मूल कार्यविधिको अनुसूचीमा संशोधनः (१) मूल कार्यविधिको अनुसूची- १ को सट्टा देहायको अनुसूची- १ राखिएको छः-

"अनुसूची-१

(दफा १३ को उपदफा (२) सँग सम्बन्धित)

स्वयंसेवकको निर्वाह भत्ता

| सि नं | स्वयंसेवकको योग्यता | जिल्लाको वर्गीकरण | | |
|---|---|---|---|---|
| | | क वर्ग | ख वर्ग | ग वर्ग |
| १ | स्नातकोत्तर उत्तीर्ण (प्राविधिक) | २४,३०० | २३,९०० | २३,४०० |
| २ | स्नातकोत्तर उत्तीर्ण (अप्राविधिक) | २४,३०० | २३,९०० | २३,४०० |
| ३ | स्नातक तह उत्तीर्ण (प्राविधिक) | २३,६०० | २३,१०० | २०,६०० |
| ४ | स्नातक तह उत्तीर्ण (अप्राविधिक) | २२,४०० | २१,९०० | १९,४०० |
| ५ | प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण (प्राविधिक) | २०,००० | १९,५०० | १७,००० |
| ६ | प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण (अप्राविधिक) | १९,४०० | १८,९०० | १६,४०० |
| ७ | प्रवेशीका परीक्षा उत्तीर्ण (प्राविधिक) | १८,८०० | १८,३०० | १५,८०० |
| ८ | प्रवेशिका परीक्षा उत्तीर्ण (अप्राविधिक) | १८,२०० | १७,७०० | १५,२०० |

क वर्गः बझाङ्ग, बाजुरा र दार्चुला
ख वर्गः अछाम, बैतडी, डोटी र डडेल्धुरा
ग वर्गः कैलाली र कञ्चनपुर ।"

(२) मूल कार्यविधिको अनुसूची- २ मा रहेका "(दफा १३ को उपदफा (३) सँग सम्बन्धित)" भन्ने शब्दहरुको सट्टा "(दफा ११ को उपदफा (२) र दफा १३ को उपदफा (३) सँग सम्बन्धित)" भन्ने शब्दहरु राखिएका छन् ।

११. रुपान्तरः मूल कार्यविधिको विभिन्न ठाउँमा रहेका "आर्थिक मामिला तथा योजना मन्त्रालय", "जिल्ला स्वास्थ्य तथा जनस्वास्थ्य कार्यालय", "जिल्ला पशु सेवा कार्यालय" र "जिल्ला कृषि विकास कार्यालय" भन्ने शब्दहरुको सट्टा क्रमशः "आर्थिक मामिला मन्त्रालय", "स्वास्थ्य कार्यालय", "भेटेनरी अस्पताल" तथा "पशु सेवा विज्ञ केन्द्र" र "कृषि ज्ञान केन्द्र" भन्ने शब्दहरु राखी रुपान्तर गरिएको छ ।

प्रदेश सचिव

Scanned by TapScanner